**प्रतिलिपि अधिकार ऐन २०५९ को दफा ३९ बमोजिम गीत संगीतको सार्वजनिक रुपमा प्रयोग भए वापत सम्वन्धित प्रयोगकर्ता संग रोयल्टी संकलन गरि वितरण गर्ने उद्देश्यले स्थापित रोयल्टी सङ्कलन संस्थाहरु (सङ्गीत रोयल्टी सङ्कलन समाज नेपाल, प्रस्तोता समाज नेपाल र सङ्गीत उत्पादक समाज नेपाल) को गीत संगीत सार्वजनिक रुपमा प्रयोग गर्ने प्रयोगकर्ताहरुसंग रोयल्टी संकलनको लागि बनाइएको संयुक्त मापदण्ड**

**१. रेडियो**

व्यवसायिक रेडियोले तिर्ने रोयल्टीको दर वार्षिक कुल विज्ञापन आम्दानी रकमको १ % हुनेछ।
सामुदायिक रेडियोले तिर्ने रोयल्टीको दर कुल वार्षिक खर्च रकमको १ % हुनेछ।
इन्टरनेट रेडियोले तिर्ने रोयल्टीको दर वार्षिक कुल विज्ञापन आम्दानी रकमको १ % हुनेछ।

**२. टेलिभिजन**

टेलिभिजनले तिर्ने रोयल्टीको दर वार्षिक कुल विज्ञापन आम्दानी रकमको १ % हुनेछ।

**३. इन्टरनेट**

इन्टरनेटको माध्यमबाट गीत संगीत प्रयोग गर्ने व्यक्ति वा संस्थाले कुल आम्दानीको ८ % का दरले रोयल्टी बुझाउनुपर्ने छ।

**४. लाइभ कन्सर्ट**

प्रत्येक लाइभ कन्सर्टको आयोजकले प्रति टिकट ४ % का दरले रोयल्टी बुझाउनु पर्नेछ।

**५. होटल**

- पाँचतारे होटलले वार्षिक प्रतिकोठा रु. २,०००।- नेपाली रुपैयाँ बराबर रोयल्टी बुझाउनु पर्नेछ।
- चारतारे होटलले वार्षिक प्रतिकोठा रु. १,६००।- नेपाली रुपैयाँ बराबर रोयल्टी बुझाउनु पर्नेछ।
- तिनतारे होटल र रिसोर्टले वार्षिक प्रतिकोठा रु. १,२००।- नेपाली रुपैयाँ बराबर रोयल्टी बुझाउनु पर्नेछ।
- टुरिष्ट क्लास होटलले वार्षिक प्रतिकोठा रु. १,०००।- नेपाली रुपैयाँ बराबर रोयल्टी बुझाउनु पर्नेछ।
- रिसोर्टले वार्षिक प्रतिकोठा रु. १,०००।- नेपाली रुपैयाँ बराबर रोयल्टी बुझाउनु पर्नेछ।
- दुईतारे होटलले वार्षिक प्रतिकोठा रु. ८००।- नेपाली रुपैयाँ बराबर रोयल्टी बुझाउनु पर्नेछ।
- एकतारे एवं अन्य सवै होटलले वार्षिक प्रतिकोठा रु. ४००।- नेपाली रुपैयाँ बराबर रोयल्टी बुझाउनु पर्नेछ।
- होटल तथा लजले वार्षिक प्रतिकोठा रु. २००।- नेपाली रुपैयाँ बराबर रोयल्टी बुझाउनु पर्नेछ।
- होटलको हल वा खुल्ला स्थानमा आयोजना हुने सांगितिक कार्यक्रमको आयोजकले प्रति टिकट ४ % र टिकट विक्री नगरेकोमा प्रति सिट रु. १०।- दरले रोयल्टी बुझाउनु पर्नेछ।
- क्यासिनोले ५०० वर्ग फिट सम्म वार्षिक रु. ४०,०००।- प्रति थप २५० वर्ग फिटको रु. २०,०००।- वार्षिक रुपमा थप रोयल्टी तिर्नुपर्नेछ।

**६. प्रदर्शनी**

भित्री परिसर (Indoor) भएमा तथा टिकट वा प्रवेश शूल्क लाग्ने भएमा शूल्कको ४ % प्रवेश निःशूल्क भएमा खर्चको ४ % का दरले रोयल्टी बुझाउनु पर्नेछ।

**७. यातायात**

सार्वजनिक यातायातका साधनहरुले वार्षिक निम्न नेपाली रुपैंयाका दरले रोयल्टी बुझाउनुपर्ने छ।

- ३ पाङ्ग्रे (टेम्पु) वार्षिक रु. ८००।- प्रति गाडी
- ४ पाङ्ग्रे (ट्याक्सी, माइक्रो, जिप) वार्षिक रु. १,०००।- प्रति गाडी
- ४ पाङ्ग्रे (मझौला बस मिनी बस) वार्षिक रु. १,४००।- प्रति गाडी
- ६ पाङ्ग्रे (ठुला बस) वार्षिक रु. २,०००।- प्रति गाडी

**पर्यटकीय सवारी साधनहरु -**

क) बस - वार्षिक रु. २,०००।- नेपाली रुपैयाँ बराबर रोयल्टी बुझाउनु पर्दछ।

ख) मिनीबस - वार्षिक रु. १,४००।- नेपाली रुपैयाँ बराबर रोयल्टी बुझाउनु पर्दछ ।
ग) ट्याक्सी, माइक्रो, जीप - वार्षिक रु. १,०००।- नेपाली रुपैयाँ बराबर रोयल्टी बुझाउनु पर्दछ ।

**८. केवल नेटवर्क**

प्रत्येक केवल नेटवर्क कम्पनी वा फर्मले वार्षिक रु. १२,०००।- रुपैंयाका दरले रोयल्टी बुझाउनुपर्ने छ ।

**९. दोहोरी, डान्स, गजल सोही प्रकृतीका अन्य रेष्टुरेण्ट**

प्रत्येक दोहोरी, डान्स, गजल सोही प्रकृतीका अन्य रेष्टुरेण्टले सांगीतिक धुन वा गीत बजाए वापत वार्षिक रु. २०,०००।- नेपाली रुपैंयाका दरले रोयल्टी बुझाउनु पर्नेछ । साथै लाइभ कार्यक्रम भएमा आयोजकले प्रति सिट रु. १०।- का दरले हुन आउने रकम रोयल्टी बुझाउनु पर्नेछ ।

**१०. डिजिटल मिडिया/रिङ ब्याक टोन**

डिजिटल मिडियाबाट डाउनलोड गरिने गीत सङ्गीतबाट हुने आम्दानीको प्रति डाउनलोड १५ % का दरले जम्मा डाउनलोड वापतको कुल रकम मासिक वा वार्षिक रुपमा डिजिटल मिडियाहरुले रोयल्टी बुझाउनु पर्नेछ । प्रति रिङटोन प्रयोग वापत हुने आम्दानीबाट १५ % का दरले जम्मा रिङटोन डाउनलोड वापतको कुल रकम मासिक वा वार्षिक रुपमा मोबाइल रिङटोन सेवा प्रदायक कम्पनीहरुले रोयल्टी बुझाउनु पर्नेछ ।

**११. वायुसेवा**

वायुयानमा प्रयोग हुने संगीत मात्रै रहेको वायूयानले प्रति यात्रु रु. २।- का दरले रोयल्टी बुझाउनु पर्नेछ, तर वार्षिक कम्तीमा रु.१,००,०००।- प्रति वायुयान तिर्नुपर्नेछ । In flight entertainment भए रु. ४।- प्रति यात्रुका दरले रोयल्टी बुझाउनु पर्नेछ, तर वार्षिक कम्तीमा रु. २,००,०००।- प्रति वायुयान तिर्नुपर्नेछ ।

**१२. विमानस्थल**

५०,००० वर्ग फिट सम्म क्षेत्रफल ओगट्ने भए कम्तीमा रु. १,००,०००।- वार्षिक रोयल्टी तिर्नुपर्नेछ । सो भन्दा बढी क्षेत्रफल भएमा प्रति थप वर्ग फिटमा रु. ३।- वार्षिक रुपमा थप हुनेछ ।

**१३. मल्टीप्लेक्स, मल, आर्केड, सपिङ्ग कम्प्लेक्स, पार्क, सोरुम आदि**

परिसर भित्र कर्मचारी तथा ग्राहकहरुको मनोरञ्जनका लागि प्रयोग हुने गीत संगीतको लागि ५,००० वर्ग फिट सम्म क्षेत्रफल भए वार्षिक कम्तीमा रु. ५०,०००।- सो भन्दा बढी क्षेत्रफल भए प्रति थप १००० वर्ग फिटको रु. ३।- वार्षिक रुपमा थप रोयल्टी रकम तिर्नुपर्नेछ ।
साथै कुनै लाइभ कन्सर्ट वा डिजे भएको कार्यक्रम गर्नुपरेमा यस समाजबाट छुट्टै लाइसेन्स लिनुपर्नेछ ।

**१४. फन पार्क**

स्वीमिङ्ग पुल भएको फन पार्कले वार्षिक रु. १,००,०००।-, स्वीमिङ्ग पुल नभएको फन पार्कले वार्षिक रु. ५०,०००।- र पिकनिक स्पटले वार्षिक रु. १०,०००।- रोयल्टी तिर्नुपर्नेछ ।

**१५. बोलिङ्ग खेलाउने**

प्रति बोलिङ्ग लेनको वार्षिक रु. २,४००।- रोयल्टी तिर्नुपर्नेछ ।

**१६. बैंक तथा अन्य कार्यालय**

२,००० वर्ग फिट सम्म रु. ५,०००।- (कम्तीमा) वार्षिक रुपमा रोयल्टी तिर्नुपर्नेछ । प्रति थप १,००० वर्ग फिटमा थप रु. २,५००।- वार्षिक रुपमा रोयल्टी तिर्नुपर्नेछ ।

**१७. चलचित्रमा डिजिटल वा अन्य माध्यम (सिडी, भिसिडि, डिभिडि, मेमोरी कार्ड) बाट बिक्री, डाउनलोड, भाडामा दिने, स्ट्रिमिङ्ग गर्ने**

बिक्री मुल्यमा कर कट्टी गरी बाँकी हुने मूल्यको ८ % तथा भाडा मूल्यको ६ % का दरले हुन आउने रकम रोयल्टी तिर्नुपर्नेछ ।

**१८. क्लबहरुको परिसरमा कर्मचारी, सदस्य तथा अन्यको मनोरञ्जनका लागि**

ब्याकग्राउण्ड धुनको लागि ५,००० वर्ग फिट सम्मका लागि कम्तीमा रु. १०,०००।- वार्षिक रुपमा रोयल्टी तिर्नुपर्नेछ तथा प्रति थप १,००० वर्ग फिटको थप रु. २,४००।- वार्षिक रुपमा रोयल्टी तिर्नुपर्नेछ । कोठामा प्रयोग हुने संगीतको लागि रु. २००।- प्रति कोठा वार्षिक रुपमा रोयल्टी तिर्नुपर्नेछ ।

**१९. डिपार्टमेन्टल स्टोर, सोरुम आदि**

- ५०० वर्ग फिट सम्म वार्षिक कम्तीमा रु. २,०००।-
- ५०१-१००० वर्ग फिट सम्म वार्षिक रु. ३,०००।-

**२०. डान्स स्कूल, कलेज, म्युजिक क्लासले वार्षिक रु. ५,०००।- रोयल्टी तिर्नुपर्नेछ ।**

**२१. डिस्को, व्यवसायिक डान्स हलहरु**

डिस्को, व्यवसायिक डान्स हलहरुले वार्षिक रु. २०,०००।- नेपाली रुपैंयाका दरले रोयल्टी बुझाउनु पर्नेछ ।

**२२. महोत्सव**

साना महोत्सव (१०००० सम्मबाट अवलोकन गरिने) रु. २५,०००।-
मझौला महोत्सव (१०००० - १५००० सम्मबाट अवलोकन गरिने) रु. ५०,०००।-
ठुला महोत्सव (१५००० भन्दा माथि बाट अवलोकन गरिने) रु. १,००,०००।- आयोजकले रोयल्टी तिर्नुपर्नेछ ।

**२३. डाक्टरको क्लिनिक**

१,००० वर्ग फिट सम्म वार्षिक कम्तीमा रु. २,०००।- तथा प्रति थप १,००० वर्ग फिटको थप रु. १,५००।- वार्षिक रुपमा रोयल्टी तिर्नुपर्नेछ ।

**२४. हेल्थ क्लब, जिम हल, एरोबिक्स, सौना वाथ, स्पा, सौन्दर्य क्लिनिक आदि**

१००० वर्ग फिट सम्म क्षेत्रफल भएमा वार्षिक कम्तीमा रु. ६,०००।- तथा प्रति थप ५०० वर्ग फिटको वार्षिक रु. १,५००।- का दरले रोयल्टी तिर्नुपर्नेछ ।

**२५. वर्कशप, फैक्ट्री आदि**

कार्यालय समय भित्र कर्मचारीहरुको मनोरञ्जनका लागि प्रयोगको हकमा ५० जना सम्म कर्मचारी भएमा वार्षिक कम्तीमा रु. २,०००।- तथा सोभन्दा बढी भएमा प्रति थप ५० कर्मचारी वापत वार्षिक थप रु. ५००।- रोयल्टी तिर्नुपर्नेछ ।

**२६. हस्पिटल, नर्सिङ्ग होम, मेडिकल रिसर्च सेन्टर आदि**

लबी १००० वर्ग फिट सम्मको भएमा वार्षिक कम्तीमा रु. २,०००।- प्रति थप ५०० वर्ग फिटको वार्षिक रु. १,०००।- थपका दरले रोयल्टी तिर्नुपर्नेछ । कोठाहरुको हकमा प्रति कोठा वार्षिक रु. २००।- रोयल्टी तिर्नुपर्नेछ । सरकारी अस्पतालहरुलाई ५० % छुट हुनेछ ।

**२७. ज्युकबक्स**

प्रति बाकस वार्षिक रु. २०,०००।- रोयल्टी तिर्नुपर्नेछ ।

**२८. कारावोकी तथा नाइटक्लब**

प्रत्येक कारावोकी तथा नाइटक्लबले प्रति वर्ष रु. ३०,०००।- नेपाली रुपैंया बराबर रोयल्टी बुझाउनुपर्ने छ ।

**२९. चलचित्र हल**

प्रत्येक चलचित्र हलले प्रति सिट प्रति दिन विस पैसा का दरले रोयल्टी बुझाउनुपर्ने छ ।

**३०. क्यारावोकी इन्टरनेटमा**

इन्टरनेट क्यारावोकीले कुल आम्दानीको २० % का दरले हुन आउने रकम रोयल्टी तिर्नुपर्नेछ ।
अनलाइन क्यारावोकीले कुल आम्दानीको १० % का दरले हुन आउने रकम रोयल्टी तिर्नुपर्नेछ ।

**३१. कल सेन्टर, बिपिओ, अफिस आदिमा कल होल्डमा संगीत प्रयोग हुँदा**

लोकल (Domestic) कम्पनी भएमा १५ वटा फोन लाइन सम्म संचालन भएमा वार्षिक कम्तीमा रु. ६,०००।- तथा प्रति थप फोन लाइनको वार्षिक रु. १,०००।- अन्तर्राष्ट्रिय (International) कम्पनी भएमा १५ वटा फोन लाइन सम्म संचालन भएमा वार्षिक कम्तीमा रु. १०,०००।- तथा प्रति थप फोन लाइनको वार्षिक रु. १,६००।- रोयल्टी तिर्नुपर्नेछ ।

**३२. रेष्टुराँ, पब, बार, लञ्च, कफी सप, डाइनिङ्ग, लाउन्ज, क्याफे, अफिस क्यान्टिन आदि**

रेष्टुराँ, पब, बार, लञ्च, कफी सप, डाइनिङ्ग, लाउन्ज, क्याफे, अफिस क्यान्टिन आदिले वार्षिक रु. २०,०००।- नेपाली रुपैंयाका दरले रोयल्टी बुझाउनु पर्नेछ ।

**३३. पार्टी हल, पार्टी प्यालेस, ब्यान्क्वेट आदि**

- २००० वर्ग फिट सम्म क्षेत्रफल भएमा वार्षिक कम्तीमा रु. १०,०००।-
- २००१-४००० वर्ग फिट सम्म क्षेत्रफल भएमा वार्षिक रु. २०,०००।-
- ४००१-६००० वर्ग फिट सम्म क्षेत्रफल भएमा वार्षिक रु. ३०,०००।-

गीत, सङ्गीत तथा नृत्यको प्रस्तुति हुने कार्यक्रम भएमा आयोजकले प्रति सिटको रु. १०।- का दरले हुन आउने रकम रोयल्टी वापत तिर्नुपर्नेछ ।

**३४. खुद्रा बिक्रेता, पसल, भिडियो गेम पार्लर, व्यूटी पार्लर, हेयर ड्रेसर, सलुन, स्टल आदि**

५०० वर्गफिट सम्म वार्षिक कम्तीमा रु. २,४००।- (श्रव्य मात्र) प्रति थप १०० वर्ग फिटको रु. २००।- रोयल्टी तिर्नु पर्दछ । टिभी सेट राखिएकोमा १-१० वटा सेटको रु. २,०००।- प्रति सेट तथा सो भन्दा बढी हुँदा प्रति थप सेटको रु. १,०००।- थप रकम रोयल्टी तिर्नुपर्दछ ।

**३५. खेलकुद, सर्कस, जादु, एक्रोबेट प्रस्तुति**

कुल सिट संख्याको रु. २।- प्रति सिट का दरले हुन आउने रकम रोयल्टी तिर्नुपर्नेछ ।

**३६. सार्वजनिक हलहरु**

गीत, सङ्गीत तथा नृत्यको प्रस्तुति हुने कार्यक्रम भएमा आयोजकले प्रति सिटको रु. १०।- का दरले हुन आउने रकम रोयल्टी वापत तिर्नुपर्नेछ ।

**३७. शैक्षिक संस्थाहरु**

शिक्षा नियमावली, २०५९ मा व्यवस्था भए बमोजिम

- "क" श्रेणीको विद्यालयले वार्षिक रु. ५,०००।- नेपाली रुपैयाँ बराबर रोयल्टी बुझाउनु पर्नेछ ।
- "ख" श्रेणीको विद्यालयले वार्षिक रु. ४,०००।- नेपाली रुपैयाँ बराबर रोयल्टी बुझाउनु पर्नेछ ।
- "ग" श्रेणीको विद्यालयले वार्षिक रु. ३,०००।- नेपाली रुपैयाँ बराबर रोयल्टी बुझाउनु पर्नेछ ।
- "घ" श्रेणीको विद्यालयले वार्षिक रु. २,५००।- नेपाली रुपैयाँ बराबर रोयल्टी बुझाउनु पर्नेछ ।
- सामुदायिक विद्यालयले वार्षिक रु. १,०००।- नेपाली रुपैयाँ बराबर रोयल्टी बुझाउनु पर्नेछ ।
- कलेजले वार्षिक रु. ५,०००।- नेपाली रुपैयाँ बराबर रोयल्टी बुझाउनु पर्नेछ ।

**३८. फुटसलले वार्षिक रु. ५,०००।- र रंगशालाले रु. १०,०००।- रोयल्टी तिर्नुपर्नेछ ।**

**३९. रियालिटी शो वा सो प्रकृतिका गीत संगीतका कार्यक्रम**

रेडियो टेलिभिजन लगायतका सार्वजनिक संचारको माध्यम प्रयोग गरि प्रसारण गरिने रियालिटी शो वा सो प्रकृतिका गीत संगीतका कार्यक्रमका आयोजकले तिर्ने रोयल्टीको दर कार्यक्रम अवधिभर प्राप्त हुने कुल विज्ञापन आम्दानी रकमको १ % हुनेछ ।

**४०.विविध**

कुनै पनि संघ संस्था को कार्यक्रम, चेतनामुलक कार्यक्रममा गीत, सङ्गीत तथा नृत्यको प्रस्तुति हुने भए आयोजकले रु. ५,०००।- नेपाली रुपैयाँ बराबर रोयल्टी बुझाउनु पर्नेछ ।